# विश्व बैंकका उच्च अधिकारीले सुने आवास पुनर्निर्माण गरेका लाभग्राहीको अनुभव

असार१२,काठमाडौं

विश्व बैंकका उच्च अधिकारीहरुले २०७२ बैशाखको भूकम्पपछि निजी आवास पुनर्निर्माण गरेका काभ्रेका लाभग्राहीहरुको पुनर्निर्माण अनुभव एवं जीविकोपार्जनको अवस्थाका बारेमा अन्तरक्रिया गर्नुभएको छ ।

विश्व बैंकका प्रबन्ध निर्देशक मारी पांगेत्सु, दक्षिण एसिया क्षेत्रका उपाध्यक्ष हार्टविग स्याफरसहित विश्व बैंकका उच्च अधिकारीहरु, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) तथा बेलायती सहयोग नियोग (FCDO)का प्रतिनिधिहरुले धुलिखेल नगरपालिका–२, रविओपी पुगी भूकम्पपछि घर निर्माण गरेका लाभग्राही एवं पुनर्निर्माणमा संलग्न महिला डकर्मीहरुसँग अन्तरक्रिया गर्नुभएको हो ।



सो अवसरमा प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेल, एवं सहसचिव अनिता निरौला, शहरी विकास मन्त्रालयका सहसचिव कोषनाथ अधिकारीलगायत पनि सहभागी हुनुहुन्थ्यो ।

धुलिखेल नगरपालिका वडा नं. २ का वडाध्यक्ष अर्जुन न्यौपानेका अनुसार उक्त वडामा ६६० लाभग्राही रहेकोमा ५९८ जनाले सबै तीनवटै किस्ता प्राप्त गरिसकेका छन् । तीनवटै अनुदान किस्ता प्राप्त गरेकामध्ये ४८७ ले विश्व बैंकको ऋण सहयोग अन्तर्गत अनुदान प्राप्त गरेका थिए । वडाध्यक्ष न्यौपानेले आगामी दिनमा भूकम्प लगायतका जोखिमबाट क्षति नहोस् भनेर सचेत भई स्थानीयवासीले भूकम्प प्रतिरोधी घर निर्माण गरेको उल्लेख गर्दै आवास निर्माणमा सहयोग गरेकामा विश्व बैंकप्रति आभार प्रकट गर्नुभयो ।

भूकम्पबाट घर गुमाउनुभएका स्थानीयवासी गोकर्णप्रसाद कोइरालाले सरकारबाट प्राप्त तीन लाख रुपैया अनुदानमा १४ लाख थपेर घर निर्माण गरेको जानकारी दिनुभयो । स्थानीयले आफ्नो आवश्यकता र हैसियतअनुसार सरकारी अनुदानमा आफ्नो रकम थपेर घर बनाउनुभएको छ । यहाँका स्थानीयवासीले एकअर्कालाई सहयोग गर्दै घर निर्माण गरेको पनि कोइरालाले जानकारी दिनुभयो ।

स्थानीय कविता चौलागाईंले घर पुनर्निर्माण गर्दा बेलाबेलामा इन्जिनियरहरु आएर मापदण्डअनुसार बने/नबनेको परीक्षण गरेको जानकारी दिंदै अब भूकम्प आउँदा पनि कुनै डर नभएको बताउनुभयो ।

विश्व बैंकका प्रबन्ध निर्देशक मारी पांगेत्सुले नेपालको निजी आवास पुनर्निर्माण संसारकै सबैभन्दा ठूलो पुनर्निर्माण परियोजना भएको उल्लेख गर्दै लाभग्राहीहरुले एकअर्कालाई सहयोग गर्दै सुरक्षित घर निर्माण गरेकोमा खुसी व्यक्त गर्नुभयो ।

विश्व बैंकका दक्षिण एसिया क्षेत्रका उपाध्यक्ष हार्टविग स्याफरले समुदाय नै एकजुट भएर पुनर्निर्माणको काम गरेको सुन्दा खुसी लागेको भन्दै लाभग्राहीहरुको कामको सराहना गर्नुभयो । स्याफरले आवास पुनर्निर्माण परियोजना सम्पन्न भए पनि जीविकोपार्जन लगायतका क्षेत्रमा निरन्तर सहयोग रहने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

विश्व बैंकले भूकम्पपछिको पुनर्निर्माणका लागि ७०० मिलियन डलर (७० अर्ब रुपैयाँभन्दा बढी) ऋण सहयोग गरेको छ । साथै, विभिन्न दातृ निकायको अनुदान सहयोग रहेको साझा कोष ’मल्टी डोनर ट्रष्ट फन्ड’ को प्रशासनिक पक्षको जिम्मेवारी निर्वाह गरिरहेको छ । यस कोषमार्फत् पुनर्निर्माण प्राधिकरणको कार्यकालमा आवास अनुदान, घुम्ती डकर्मी सेवा तथा विभिन्न तालिमका कार्यहरु भएका थिए । हाल राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत् आपाङ्गता भएका लाभग्राहीलाई आवास निर्माणमा सहयोग उपलब्ध गराउने कार्य भइरहेको छ ।

यसैकारण पनि पुनर्निर्माण सम्पन्न हुन लागेका क्षेत्रको स्थलगत भ्रमण गरी प्रभावितहरुको अनुभव सुन्न विश्व बैंकका अधिकारीहरु आफैं फिल्डमा पुग्नुभएको हो ।



विश्व बैंकका उच्च अधिकारीहरुले सो अवसरमा विश्व बैंकको सहयोगमा तालिम लिएका तथा घुम्ती डकर्मी सेवामा कार्य गरेका महिला डकर्मीहरु कान्छी तामाङ, सावित्री ढकाल र विन्दा गुरुङका अनुभव पनि सुन्नुभएको थियो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले बढ्दो जलवायु परिवर्तन लगायतका कारण थप जोखिम निम्तिरहेकोले ती जोखिमबाट सुरक्षित आवास तथा समुदाय निर्माण गर्न प्राधिकरणले योजनाबद्ध रुपमा काम गरिरहेको जानकारी दिनुभयो । कार्यकारी प्रमुख पोखरेलले प्राधिकरणको प्रयासमा नागरिकको सचेतता र अग्रसरता महत्वपूर्ण हुने धारणा पनि राख्नुभयो ।